Sangam®

आज मिति २०८२ कार्तिक ३० गते बिहीबारका दिन यस चौदण्डीगढी नगरपालिकाको नगर प्रमुख **श्री कालुमान लामा**को अध्यक्षतामा तपशील बमोजिमको वडा अध्यक्ष तथा कार्यपालिका सदस्यको उपस्थितिमा चालू आर्थिक वर्ष २०८२/०८३ को **छैटौँ** नगर कार्यपालिका बैठक बसी निम्नानुसारको निर्णय गरियो-

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | |
| २ | श्री मणिका देवी दुलाल | नगर उपप्रमुख | |
| ३ | श्री सिताराम राई | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री हरिबहादुर खड्का | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री पर्शुराम राई | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री लुङ्गाराज राई | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री तुलसीराम ढकाल | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री अम्बरबहादुर खड्का | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री केशव अधकारी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री भगनाथकुमार मगर | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री प्रकाश राउत | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री धर्मेन्द कुमार खड्का | १० नं. वडा अध्यक्ष | |
| १३ | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री जयकुमार राई | कार्यपालिका सदस्य | |
| १५ | श्री माधव सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री तिलावती राई | कार्यपालिका सदस्य | |
| १७ | श्री सुस्मा राई | कार्यपालिका सदस्य | |
| १८ | श्री स्मृती तोलाङ्गी सुयल | कार्यपालिका सदस्य | |
| १९ | श्री जानकी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री शान्तीदेवी चौधरी | कार्यपालिका सदस्य | |
| २२ | श्री काजीमान राई | सचिव | |

२३. श्री बलराम मगर - कार्यवाहक वडा अध्यक्ष वडा नं. ६ -

२४. श्री किशोर ताम्राकार - नगर योजना आयोग उपाध्यक्ष -

प्रस्तावहरु

१) अघिल्ला बैठकहरुको कार्यान्वयन समिक्षा सम्बन्धमा ।

२) विभिन्न वडाको मागमा आधारित प्रबर्दनात्मक कार्यक्रम माग सम्बन्धमा ।

३) वाल विकास केन्द्र व्यबस्थापन सम्बन्धमा ।

४) भूमि व्यबस्थापन समितिको निर्णय अनुमोदन तथा सूचना प्रकाशन सम्बन्धमा ।

५) सार्वजनिक सुनवाई कार्यक्रम सम्बन्धमा ।

६) चौदण्डीगढी नगरपालिकाको सामुदायिक वन व्यबस्थापन कार्यविधि, २०८२ सम्बन्धमा ।

७) नगर अस्पतालको लागि मेसिनरी सामानहरु माग गर्ने सम्बन्धमा ।

८) विरामीहरुलाई मासिक उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।

९) त्रियुगा नदीमा होम पाइप लगाई अस्थाई सडक संरचना बनाउने सम्बन्धमा ।

१०) आर्थिक सहायता सम्बन्धमा ।

११) वडा नं. १ र ८ को योजना संचालन गर्दा सामान ढुवानी दररेट सम्बन्धमा ।

१२) वडा नं २ को बाटो मर्मत सम्बन्धमा ।

१३) थानपोखरी माध्यामिक विद्यालयलाई प्राप्त अनुदान सम्बन्धमा ।

१४) विद्यालयहरुलाई थप रकम उपलब्ध गराउने सम्बन्धमा ।

१५) इन्धनको भुक्तानी सम्बन्धमा ।

१६) विविध

क) खेलाडीलाई आर्थिक सहायता, डिभाइडर खरिद, खानेपानी व्यबस्थापनको लागि पाइप खरिद, विद्यालयहरुलाई प्रिन्टर कम्प्युटर उपलब्धता, स्थानीय विपद समितिको निर्णय अनुमोदन लगायत अन्य विविध ।

# निर्णयहरु

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस नगरपालिकाको मिति २०८२ असोज ३१ गते बसेको यस आर्थिक वर्ष २०८२/०८३ को पाँचौँ नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए/भएनन् भन्ने विषयमा छलफल र समिक्षा गरियो । यस क्रममा कार्यान्वयनका क्रममा भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा विभिन्न निकाय, कार्यालय र व्यक्तीबाट प्राप्त माग निवेदनका सम्बन्धमा छलफल गर्दा मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो-

**तपशील**

| क्र. सं. | क्षेत्र/कार्यालयको नाम | निर्णय रकम | कार्यक्रम | बजेट शिर्षक |
|---|---|---|---|---|
| १. | श्री थान पोखरी माध्यामिक विद्यालय ज्यामिरे झोर, चौ. न. पा. - ९ । | १,००,०००/- (एक लाख) | ६२ औं स्थापना दिवस हिरक जयन्ती मनाउन र हिरक जयन्तीको स्तम्भ स्थापना गर्न | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |
| २. | वडा नम्बर ३ स्थित बुधबारे बजार | ५०,०००/- (पचास हजार) | परेवाको प्रतिमा स्थापना गर्न | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |
| ३. | नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, उदयपुर | ५००,०००/- (पाँच लाख) | पत्रकार महासङ्घको भवनमा रहेको तालिम हल मर्मत गर्न | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |
| ४. | वडा नम्बर १ | १,००,०००/- (एक लाख) | मेयर कप भलिबल प्रतियोगिता सञ्चालनमा थप रकम | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |
| ५. | वडा नम्बर ९ भीमा | १,००,०००/- (एक लाख) | भूमीथान निर्माण | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |
| ६. | वडा नम्बर १० अधेरी | १३०,०००/- (एक लाख तीस हजार) | अधेरीदेखि त्रियुगा पूलसम्म बाटो मर्मत | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |
| ७. | वडा नम्बर ३ | १४७,०००/- (एक लाख सत्चालीस हजार) | बेलका स्कुल मुनी होम पाईप तथा बाटो मर्मत | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |
| ८. | वडा नम्बर १० | ५००,०००/- (पाँच लाख) | खेलमैदानको स्तरोन्नति गर्न | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |
| ९. | सुन्दरपुर ब्याडमिण्टन क्लव | ४००,०००/- (चार लाख) | कोशी प्रदेशस्तरीय खुल्ला ब्याडमिण्टन प्रतियोगिता | मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम |

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस नगरपालिकाको **श्री गौरीकन्या आधारभूत विद्यालय, सिमलटार**बाट बाल कक्षादेखि कक्षा ३ सम्मका विद्यार्थीहरुलाई आवश्यक कार्पेट र चकटीको व्यवस्थापनका लागि माग कार्यालयमा माग भइ आएको हुँदा तपशील वमोजिमको रकम बिनियोजन गर्ने निर्णय गरियो-

**तपशील**

| क्र. सं. | विद्यालयको नाम | निर्णय रकम | बजेट शिर्षक |
|---|---|---|---|
| १. | श्री गौरीकन्या आधारभूत विद्यालय, सिमलटार, चौ. न. पा. - ८ । | २००,०००/- (दुई लाख) | बाल विकास केन्द्र व्यवस्थापन (विद्यालयलाई नै अनुदान उपलब्ध गराउने) |

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस नगरपालिकाको भूमी व्यवस्थापन समितिको मिति २०८२ कार्तिक २८ गते बसेको बैठकको निर्णयानुसार यस नगरपालिकाको भूमी व्यवस्थापन कार्यविधि, २०८१ को अनुसूची -१ को ढाँचामा १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्द चालू आर्थिक वर्ष २०८२/०८३ यस नगरपालिकाबाट सम्पादन गरिने योजनाहरु र नगरपालिकाको कार्यालय तथा मातहतका निकायहरुबाट प्रवाह गरिने सेवाका

सम्बन्धमा सार्वनिक सुनवाइ कार्यक्रम सञ्चालन गर्नु पर्ने भएको हुँदा यस नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०८२ अनुसार सेवा प्रदायक संस्थाबाट सेवा खरिद गर्नका लागि आवश्यक भएको हुँदा सो कार्यक्रम सञ्चालन गर्नका लागि आयोजना व्यवस्थापन शीर्षकबाट खर्च व्यहोर्ने गरी **लागत अनुमान तयार गरी** प्रचलित कानुनअनुसार खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

६. प्रस्ताब नम्बर ६ उपर छलफल गर्दा यस नगरपालिकाको कार्यालयले तयार गरेको **चौदण्डीगढी नगरपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८२** सर्बसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

७. प्रस्ताब नम्बर ७ उपर छलफल गर्दा यस नगरपालिका मातहत रहेको चौदण्डीगढी आधारभूत नगर अस्पताल, बेल्टारबाट प्रभावकारी सेवा प्रवाह गर्नका लागि अत्यावश्यक सेवा गर्नका लागि तपशील वमोजिमको मेसिनरी औजारहरु आवश्यक रहेकाले तपशील वमोजिमको सामाग्री माग गर्नका लागि भारतीय राजदुताबासमा अनुरोध गर्ने निर्णय गरियो-

**तपशील**

1. USG Machine – 2 Set
2. X-Ray Machine (500 Amp.) – 2 Set
3. Vital Sign Patient Monitor – 3
4. Suction Machine – 3
5. ECG Machine - 3
6. X-Ray View Box – 2
7. ENT Set – 2
8. Intubation Set – (Child/ Adult) - 2

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेको, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचारवापत खर्च उपलब्ध गराउनेसम्बन्धी कार्यविधिको दफा ४ मा व्यवस्था भएवमोजिम दीर्घ रोगीहरुले मासिक रुपमा रु. ५०००/- प्राप्त गर्ने व्यवस्था रहेको छ । चालू आर्थिक वर्ष २०८२/०८३ मा सङ्घीय सशर्त अनुदानअन्तर्गत सो कार्यक्रमका लागि शोधभर्ना रकम रु. ६५,४०,०००/- रकम निकाशासमेत भइ सकेको छ । यस कार्यालयको स्वास्थ्य शाखामा भएको तथ्याङ्कअनुसार हालसम्म १३२ जना उल्लिखित बिरामीहरुको विवरण रहेकोमा जम्मा १० जना बिरामीहरुको मात्र **गरिबीको परिचय-पत्र** रहेको हुनाले बाँकी १२२ जना बिरामीहरु र अन्य थप हुनसक्ने बिरामीहरुले सो सुविधा प्राप्त गर्न नसक्ने भएको हुँदा तपशील वमोजिमको कागजातहरु समावेश गरेरमात्र सो सुविधा उपलब्ध गराउने निर्णय गरियो-

**तपशील**

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(ख) नियमित रुपमा औषधी सेवन गरि रहेको प्रमाण
(ग) सम्बन्धित वडा कार्यालयको किटानी सिफारिस
(घ) वडाका जनप्रतिनिधिको उपस्थितिमा भएको सर्जमिन मुचुल्का

***साथै लेखापरीक्षणका क्रममा सो भुक्तानी रकममा कुनै कैफियत देखिएमा कार्यालयले सो को जिम्मेवारी लिने समेत निर्णय गरियो ।***

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नम्बर १०, वडा नम्बर ९ र वडा नम्बर ५ भए बहने त्रियुगा नदीमा असार-श्रावण-भाद्र महिनामा आएको बाढीको कारण अस्थाइ सडक संरचनामा क्षती पुर्याइ आवागमनमा समस्या रहेको हुँदा कार्यालयको निर्णयानुसार छट पर्वलाई ध्यान दिइ ह्यूम पाइप लगाएर आवागमनमा सहजता ल्याइएको थियो । यस वर्ष ढिला गरी मनसुन बाहिरिएको कारण मिति २०८२ कार्तिक महिनामा आएको बाढीका कारण त्यस समयमा

लगाइएको ह्यूम पाइप समेत बगाएर पुनः सडकमा क्षती पुर्याएको हुँदा प्रहरी सर्जमिन मुचुल्कासहित क्षतिको विवरण वडा कार्यालयमार्फत् नगरपालिकामा पेश भएको छ । अहिले सुख्खा याम सुरु भइसकेको र स्थानीय नागरिकको समेत सडक पुनः मर्मतका लागि आवाज उठिरहेको र सम्बन्धित वडा कार्यालयको माग निवेदन पेश भएको हुँदा प्राविधिक लागत अनुमान तयार गरी भाडामा **ब्याक-हो-लोडर** लिइ अस्थाइ सडक संरचना निर्माण गर्ने र सो को भुक्तानी विपद व्यवस्थापन कोषबाट दिने निर्णय गरियो ।

**१०. आर्थिक सहायता सम्बन्धमा**

(क) यस नगरपालिकाको वडा नम्बर ६ को कार्यालयबाट प्राप्तपत्र उपर छलफल गर्दा वडा नम्बर ६ निवासी मात्रिका कुमारी खड्का हाल फोक्सोको क्यान्सरबाट समस्याग्रस्त भइ त्रि. बि. शिक्षण अस्पतालमा उपचाररत रहनु भएको र निजको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजलाई थप उपचार गर्नका लागि अन्य सहायता शीर्षकबाट रु. ३०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

(ख) यस नगरपालिकाको वडा नम्बर ६ उपर छलफल गर्दा यस नगरपालिका वडा नम्बर ६ निवासी चन्द्र नारायण श्रेष्ठको नातिनी तुलसी श्रेष्ठको छोरी तेरिशा श्रेष्ठको घरको आर्थिक अवस्था कमजोर भएको कारण उच्च शिक्षा अध्ययन गर्न कठिनाई भएको हुँदा निजलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति शीर्षकमा बिनियोजन भएको १ लाखबाट **रु. १००,०००/-** आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

(ग) यस नगरपालिकाको वडा नम्बर ६ को कार्यालयबाट प्राप्तपत्र उपर छलफल गर्दा वडा नम्बर ६ निवासी श्री मायादेवी दर्जी हाल क्यान्सर रोगबाट समस्याग्रस्त भइ त्रि. बि. शिक्षण अस्पतालमा उपचाररत रहनु भएको र निजको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजलाई थप उपचार गर्नका लागि अन्य सहायता शीर्षकबाट रु. २०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

(घ) गाईघाट फुटबल क्लबले फुटबल खेल सञ्चालन गर्नका लागि आर्थिक सहायता माग गरेको हुँदा **अन्य सहायता** शीर्षकबाट **रु. २५,०००**।–उपलब्ध गराउने निर्णय गरियो ।

(ङ) यस नगरपालिका २ निवासी तथा यस कार्यालयको जिन्सी सहायक पदमा कार्यरत नेत्रबहादुर बिश्वकर्माले आर्थिक सहायता माग शीर्षक राखेर कार्यालयमा पेश गरेको निवेदनउपर छलफल गर्दा निजको आमा ब्रेष्ट क्यान्सरबाट पीडित भई वि.पि. कोइराला स्वस्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचाररत रहेको हुनाले निजलाई थप औषधी उपचार गर्नका लागि अन्य सहायता शीर्षकबाट **रु. ७०,०००/-** उपलब्ध गराउने निर्णय गरियो ।

(च) बुलु मुकारुङले यस कार्यालयमा पेश गरेको निवेदन उपर छलफल गर्दा विभिन्न क्षेत्रका विषयविज्ञमार्फत् **चौदण्डीगढी नगरपालिकाः एक परिचय** पुस्तक प्रकाशन गर्न **मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम** शीर्षकमा बिनियोजन भएको बजेटबाट **रु. ४००,०००/-** बिनियोजन गर्ने निर्णय गरियो । साथै विनियोजन गरिएको रकमबाट पालिकामार्फत् छनोट भएका विषयविज्ञमार्फत् कम्तीमा २५०० शब्द समावेश भएको लेखका लागि मू. अ. करसहित प्रतिलेख रु. १०,०००/- भुक्तानी दिने, लागत अनुमान तयार गरी बुलु मुकारुङलाई पुस्तक सम्पादन, प्रुफ रिडिङ लगायतका सम्पूर्ण जिम्मेवारी दिने र पालिकाले आफनो स्रोत व्यहोरेर आवश्यक सङ्ख्यामा प्रकाशन गर्ने निर्णय गरियो ।

**११.** प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा यस नगरपालिकाअन्तर्गत रहेका १० वटा वडा रहेकोमा वडा नम्बर १ र वडा नम्बर ८ को केही भूगोल अत्यन्तै कठिन रहेको हुँदा बिनियोजति बजेटबाट सो भूगोलमा पूर्वाधारका कार्यक्रम सञ्चालन गर्नका लागि पूर्वाधार विकास शाखाबाट सामाग्री ढुवानीका लागि फरक दर कायम गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**१२.** प्रस्ताव नम्बर १२ उपर छलफल गर्दा मिति २०८२ असोज १८ र १९ गते आएको अविरल बर्षाको कारण नगरपालिकाभित्रका विभिन्न वडामा रहेका सडक संरचनामा क्षति पुर्याएको कारण आवगमनमा समस्या सिर्जना भएको थियो । अन्य वडामा जस्तै वडा नम्बर २ मा विभिन्न सडक संरचनामा समेत क्षती पुर्याइ यातायात आवागमनमा समस्या भएको कारण तत्काल ब्याको-हो-लोडर भाडामा लिएर सडकहरु मर्मत गरिएको थियो । वडाका प्राविधिक कर्मचारी र वडा कार्यालयको सिफारिसका आधारमा क्षतीग्रस्त सडकको मर्मतसम्भार गर्नका लागि करिब **२० घण्टा** ब्याक-हो-लोडर प्रयोग भएको हुँदा प्राविधिक मूल्याङ्कन प्रतिवेदन र वडाको सिफारिसका आधारमा विपद व्यवस्थापन कोषबाट प्रति घण्टा **रु. २५००/-** का दरले २० घण्टाको **रु. ५०,०००/-** उपलब्ध गराउने निर्णय गरियो ।

**घण्टा** ब्याक-हो-लोडर प्रयोग भएको हुँदा प्राविधिक मूल्याङ्कन प्रतिवेदन र वडाको सिफारिसका आधारमा विपद व्यवस्थापन कोषबाट प्रति घण्टा **रु. २५००/-** का दरले २० घण्टाको **रु. ५०,०००/-** उपलब्ध गराउने निर्णय गरियो ।

१३. प्रस्ताव नम्बर १३ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नम्बर ९ मा रहेको थानपोखरी माध्यमिक विद्यालयमार्फत् पेश भएको निवेदन उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ का लागि कोशी प्रदेश, सामाजिक विकास मन्त्रालयमार्फत् विद्यालयको बगैंचा निर्माण तथा आँगनमा ब्लक इट्टा ओछ्याउनका लागि प्राप्त भएको रकम **रु. ६००,०००/-** विद्यालयको माग निवेदनका आधारमा सोहो विद्यालयमार्फत् प्रचलित कानुनमा प्रातिकूल नहुने गरी खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षणसमेत गर्ने गरी अनुदान निकाशा गर्ने निर्णय गरियो ।

१४. प्रस्तव नम्बर १४ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ मा शिक्षा, युवा तथा खेलकुद शाखातर्फ बालविकास केन्द्रका सहजकर्तालाई थप तलव र पोशाक भत्ता, विद्यालयका लेखा कर्मचारी थप तलव, विद्यालयका सहयोगी थप तलब भत्ता, नगर बाल शिक्षा तलब भत्ता र पोशाक, सामुदायिक सिकाइ केन्द्रका कर्मचारीलाई तलव र भत्ता र वडा नम्बर ९ को मदरसा विद्यालयमा रहेको मल्बीको तलब शीर्षकमा **रु. १,४७,४९,८००/-** ***(एक करोड सत्चालीस लाख उनन्चास हजार आठसय)*** बिनियोजन भएको छ । सङ्घीय सशर्त अनुदानमार्फत् सो कार्यक्रमका लागि छुट्टै बजेट निकाशा भएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुने गरी सो विनियोजित बजेटमा बचत हुने करिब २८ लाख बजेटबाट तपशील वमोजिमको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो-

**तपशील**

| क्र. स. | विद्यालयको नाम/शीर्षक | बिनियोजित बजेट | अनुदान उपलब्ध गराउनु पर्ने कारण |
|---|---|---|---|
| १. | जनता मा. वि., हडिया, वडा नम्बर -९ | १ लाख | शिक्षक व्यवस्थापन (२०७६ सालमा वडाले नियुक्ति गरेको) |
| २. | सिद्धेश्वरी मा. वि., वडा नम्बर -९ | २ लाख २४ हजार | शिक्षक व्यवस्थापन (२०७६ सालमा वडाले नियुक्ति गरेको) |
| ३. | बालमुखि आ.वि. अजगरा, वडा नम्बर -९ | १ लाख ५० हजार | शिक्षक व्यवस्थापन (२०७६ सालमा वडाले नियुक्ति गरेको) |
| ४. | महादेवेश्वर आ. वि., वडा नम्बर -४ | १ लाख ८० हजार | शिक्षक व्यवस्थापन (शिक्षक अभावका कारण पठनपाठन प्रभावित) |
| ५. | कौवैदेवी आ. वि., वडा नम्बर -२ | १ लाख | शिक्षक व्यवस्थापन (शिक्षक अभावका कारण पठनपाठन प्रभावित) |
| ६. | गौरीकन्या आ. वि., वडा नम्बर - ८ | १ लाख ८० हजार | शिक्षक व्यवस्थापन (शिक्षक अभावका कारण कासले समेत शिक्षण गर्ने गरेको) |
| ७. | जलेश्वरी जनता आ. वि., वडा नम्बर -१ | १ लाख ८० हजार | शिक्षक व्यवस्थापन (शिक्षक अभावका कारण पठनपाठन प्रभावित) |
| ८. | सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरुलाई झोला खरिद गरी बितरण गर्न | ९ लाख ५० हजार | शिक्षण सिकाइ क्रियाकलापमा प्रोत्साहन |
| ९. | कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरुलाई पोशाक सहयोग | ६ लाख | शिक्षण सिकाइ क्रियाकलापमा प्रोत्साहन |
| १० | ८ जना क्याम्पसका सहायक प्राध्यापकहरुलाई पोशाक | २५ हजार | शिक्षण सिकाइ क्रियाकलापमा प्रोत्साहन |

१५. प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा यस नगरपालिकाबाट चालू आ. व. २०८२/०८३ को भाद्र, असोज र कार्तिक महिनामा नगरका साना तथा ठूला सवारी साधानहरु, सुरक्षा निकायका कार्यालयहरुलाई उपलब्ध गराएको इन्धन र नगरका अतिथीहरुलाई उपलब्ध गराएको इन्धनको बिल तपशील बमोजिम रहेकोले उक्त रकम यस् नगरपालिकामा ईन्धन शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो-

**तपशील:**

| | |
|---|---|
| कार्यालयका अत्याबश्यक सवारी साधान र सुरक्षा निकाय | - रु. ४०३,४३६। |
| साना सवारी साधान | - रु. ५१२,४७८। |
| नगरपालिकाका अतिथी (डिजेल) | - रु. ७५४,५४७.७५ |

नगरपालिकाका अंतिथी (प्रेट्रोल) - रु. ६१९,३५०.७५

ब्याक-हो-लोडर, टिपर र रोलर - रु. ८५३,०७४.७५।

***कूल जम्मा रु. ३१,४२,८६०.२५/-(एकतीस लाख बयालिस हजार आठसय साठी रुपैंया पच्चीस पैसा)***

१६. **विविध**

१. यस नगरपालिकाको वडा नम्बर १० खैराझोडाका युबाहरुले देउसी भैलोबाट उठेको रकमबाट खैरा झोडाको मदन भण्डारी राजमार्गमा सडक डिभाइडर राख्नका लागि आर्थिक सहायता माग गरेको हुँदा **रु. २०,०००/- (बीस हजार)** बराबरको डिभाइडर खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

२. यस नगरपालिकाको वडा नम्बर १० का अन्डर सेभेन्टिन फुटबल खेलाडी लाल बहादुर खड्का र माधव कार्की हेटौडामा भएको अन्डर सेभेन्टिन खेलमा उत्कृष्ट खेलाडीमा छनौट भएको हुनाले आगामी खेलमा सहभागी हुनको लागि प्रोत्साहन स्वरुप **अन्य सहायता** शीर्षकबाट **रु. २०,०००।– (बीस हजार)** उपलब्ध गराउने निर्णय गरियो ।

३. यस नगरपालिकाको वडा नम्बर ७ भुल्के बैठार टोल निवासी श्री नरेन्द्र कटवालसहितले सिंचाई कार्यको लागि ६३ एम. एम. को २०० मिटर पाईप माग गरेको हुँदा माग भए वमोजिमको पाईप खरिद गरी उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाअन्तर्गत वडा नम्बर ९ का किसानहरुले कृषि कार्यको लागि पानी तान्ने मोटर माग गरेको हुँदा भिमा निवासी सुमित्रा तामाङ र ज्यामिरे निवासी कृष्ण बस्नेतलाई २ इन्चको पानी तान्ने मोटर २ थान उपलब्ध गराउने निर्णय गरियो ।

५. यस नगरपालिका न्तर्गत रहेका तपशीलका विद्यालयहरु र खानेपानी समितिले कार्यालय प्रयोजनको लागि इलेक्ट्रोनिक्स सामान ल्यापटप प्रिन्टर माग गरेको हुँदा तपशिल बमोजिमका समान खरिद गरी तपशिल बमोजिम उपलब्ध गराउने निर्णय गरियो-

**तपशीलः**

| क्र. स. | विद्यालयको खानेपानी संस्थाको नाम | विवरण |
|---|---|---|
| १. | श्री सगरमाथा माध्यामिक विद्यालय भोर्लेनी चौ. न. पा. -३ | प्रिन्टर - १ थान |
| २. | श्री नारद आदर्श माध्यामिक विद्यालय, बसाहा, चौ. न. प्रा. ४ | ल्यापटव - १ थान |
| ३. | श्री आधारभुत विद्यालय सिवाई, वेल्हा चौ. न. पा. -५ | ल्यापटव - १ थान |
| ४. | बसाहा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, चौ. न. पा. ३ र ४ | ल्यापटव - १ थान |
| ५. | श्री कोकन आधारभूत विद्यालय ढेलाचौरी, वडा नम्बर ५ | १ थान डेस्कटव |

६. यस नगरपालिकाको वडा नम्बर ८ को बेलपाती टोलमा खानेपानी व्यबस्थापन गर्न २५ एम एमको ३०० मिटर पाईप माग भई आएको हुँदा खानेपानी ब्यबस्थापनको लागि ३०० मिटर पाइप खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

७. यस नगरपालिकाको गोदावारी टोलले टेन्ट र चारघरे टोलले पलाष्टिक कुर्सी माग गरी वडाको सिफिससहित आएको हुँदा उक्त टोल विकास संस्थाहरुलाई १ थान २०/२० फिटको टेन्ट र २० थान प्लाष्टिक कुर्सी उपलब्ध गराउने निर्णय गरियो ।

८. गर्दा नगरपालिकामार्फत् पारित गरिएको नीति तथा कार्यक्रमअनुसार यस वडाभित्र रहेका कच्ची सडकहरुको स्तरोन्ती गर्नका लागि उच्चस्तरीय ग्राभेलको कार्य भइरहेको छ । सो कार्य गर्नका लागि नगरपालिकामा रहेको ट्रिपर, ट्याक्टर र पानी ट्याङ्करमा कार्यरत कर्मचारी र केही नगर प्रहरीहरुले सार्वजिनक विदाका दिनमा र कार्यालय समयभन्दा अतिरिक्त समयसमेत कार्य गरिरहेको हुँदा निजहरुलाई अतिरिक्त समय कार्य गरेको प्रमाणित कागजातका आधारमा अन्य भत्ता शीर्षकबाट तपशील वमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो-

**तपशील**

क. सार्वजनिक विदाको दिन – दिनको ५००/- (पाँचसय)
अन्य दिन कार्यालय समयभन्दा अतिरिक्त समय बिहान/बेलुका कार्य गरेवापत प्रतिदिन– २००/- (दुई सय)

९. मिति २०८२ कार्तिक १५ गते शनिबारका दिन यस नगरपालिकाको नगर प्रमुख एवम् स्थानीय विपद् वव्यवस्थापन समितिको संयोजक श्री कालुमान लामाको संयोजकत्वमा बसेको विपद व्यवस्थापन समितले गरेको २ वटा निर्णयलाई सर्बसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

१०. यस नगरपालिकाको सूचना प्रविधि शाखामा कार्यरत रोशनराज खतिवडाले यस कायर्यालयमा पेश गरेको निवेदनउपर छलफल गर्दा स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालनसम्बन्धी कार्यविधि, २०८२ को दफा ६ को उपदफा १ मा भएको व्यवस्थाअनुसार निजलाई **मिति २०८२ मङ्सिर १ गतेबाट** लागू हुने गरी सातौँ तहमा स्तर बृद्दि गरी कामकाज गराउने निर्णय गरियो ।

११. यस नगरपालिकाको वडा नम्बर ४ को शनिबारे टोलमा खानेपानी ब्यबस्थापनको लागि २० एम्.एम्. को ६०० मिटर पाइप खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

१२. यस नगरपालिकाअन्तर्गत रहेका १० वटा वडा रहेकोमा वडा नम्बर १ र वडा नम्बर ८ को केही भूगोल अत्यन्तै कठिन रहेको हुँदा बिनियोजति बजेटबाट सो भूगोलमा पूर्वाधारका कार्यक्रम सञ्चालन गर्नका लागि पूर्वाधार विकास शाखाबाट सामाग्री ढुवानीका लागि फरक दर कायम गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

१३. यस नगरपालिकाको वडा नम्बर ६ मा रहेको **मखमली बालविकास केन्द्र**लाई व्यवस्थापन गर्नका लागि २२ फिट लम्बई र ११ फिट चडाइ भएको कार्पेट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

१४. यस नगरपालिकाको वडा नम्बर ४ को शनिबारे टोलमा खानेपानी ब्यबस्थापनको लागि २० एम्.एम्. को ६०० मिटर पाइप खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

१५. यस नगरपालिकाको सूचना प्रविधि शाखामा कार्यरत रोशनराज खतिवडाले यस कायर्यालयमा पेश गरेको निवेदनउपर छलफल गर्दा स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालनसम्बन्धी कार्यविधि, २०८२ को दफा ६ को उपदफा १ मा भएको व्यवस्थाअनुसार निजलाई **मिति २०८२ मङ्सिर १ गतेबाट** लागू हुने गरी सातौँ तहमा स्तर बृद्दि गरी कामकाज गराउने निर्णय गरियो ।

१६. यस नगरपालिकाभित्र बसोबास गर्ने इन्द्रकुमारी श्रेष्ठले जस्तापाता मागका लागि कार्यालयमा निवेदन पेश गरेको हुँदा तपशील वमोजिमको जस्तापाता खरिद गरि उपलब्ध गराउने निर्णय गरियो-

<u>**तपशील**</u>

इन्द्र कुमारी श्रेष्ठ -६ पाता जस्ता ८ फुटे

१७. यस नगरपालिकाको वडा नम्बर १ स्थित सिंहदेवी टोल विकासअन्तर्गत गढन्ता टोलमा १६ एम.एम. को १ क्वायल पाइप माग भइ आएको हुँदा खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

१८. प्रस्ताव नम्बर १८ उपर छलफल गर्दा यस नगरपालिका मातहत रहेको हलुका सवारीहरु मध्ये शव बहान सञ्चालनका लागि जिम्मेवारी दिइएको चालकको पद हाल रिक्त रहेको हुँदा दैनिक रुपमा सम्या सिर्जना भइ रहेको हुँदा सो रिक्त स्थानमा दैनिक रुपमा ज्यालादारीमा कार्य गर्न पाउँ भनी यसै नगरपालिका वडा नम्बर ७ निवासी श्री जतनकुमार श्रेष्ठले सवारी नवीकरण भएको चालक अनुमती पत्रसहित कार्यालयमा मिति २०८२ कार्तिक १८ गते निवेदन पेश गरेको थियो । सो निवेदनका आधारमा नगर प्रमुख ज्यूमार्फत् दैनिक ज्यालादारीमा कामकाज गर्ने गराउने गरी तोकआदेश भए वमोजिम सोही मितिदेखि लागू हुने गरी कामकाज लगाइएको हुँदा

अर्को व्यवस्था नभएसम्मका लागि निजलाई हलुका सवारी चालकले मासिक रुपमा प्राप्त गर्ने सुविधालाई आधार मानी दैनिक कार्य गरेवापत सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

१९. ज्यालादारी कर्मचारी नियुक्ती सम्बन्धमा

यस नगरपालिकाको बजार क्षेत्र र पालिकाको कार्यालयमा दैनिक उत्सर्जन हुँने फोहोर मैलालाई व्यवस्थापन गर्नका लागि कर्मचारी अभाव भएको व्यहोरासहित सम्बन्धित शाखामा कार्यरत कर्मचारीहरुले गुनासो गरेको हुँदा नियमानुसार ज्याला प्राप्त गर्ने गरी तपशील वमोजिमको मितिदेखि दैनिक ज्यालादारीमा कर्मचारी नियुक्ति गरी कामकाज लगाउने निर्णय गरियो-

**तपशील**

| क्र. सं. | व्यक्तिको नाम | शीर्षक | काम सुरु गराएको मिति |
|---|---|---|---|
| १. | मनिषा विश्वकर्मा | सरसफाइ शुल्क | २०८२ मङ्सिर १ गतेदेखि |
| २. | लक्ष्मी कुमारी चौधरी | सरसफाइ शुल्क | २०८२ मङ्सिर १ गतेदेखि |